बैठक न. १५

आज मिति २०७९/१०/११ गते यस सरावल गाउपालिका गाउकार्यपालिकाको बैठक गाउपालिका अध्यक्ष सुखाडी प्रसाद चौधरी थारुको अध्यक्षतामा तथा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्ताब उपर छलफल गरि निर्णय गरियो।

| क स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुखाडी प्रसाद चौधरी थारु | अध्यक्ष | |
| २ | बासमती चमार | उपाध्यक्ष | |
| ३ | बिष्णु प्रसाद भट्टराइ | सदस्य | |
| ४ | शम्भु प्रसाद चौधरी | सदस्य | |
| ५ | फिरंगी चौधरी | सदस्य | |
| ६ | सुरेश प्रसाद यादव | सदस्य | |
| ७ | लक्षमण प्रसाद चौधरी | सदस्य | |
| ८ | छोटेलाल गुप्ता | सदस्य | |
| ९ | हेयात खाँ धुनिया | सदस्य | |
| १० | उर्मिला कुमारी थारु | सदस्य | |
| ११ | कौशिल्या देवी चमार | सदस्य | कौशिला |
| १२ | ज्ञान्ती कुमारी चौधरी | सदस्य | |
| १३ | नेमा चौधरी | सदस्य | |
| १४ | रामनिवास नाउ | सदस्य | |
| १५ | रामानन्द चमार | सदस्य | |
| १६ | दुर्गा पौडेल | सचिव | |

अन्य आमन्त्रित सदस्य

१. नारायण पाण्डेय- लेखा अधिकृत

२. तुफानिलाल गुप्ता तेली का वा वडा अध्यक्ष

३. नरेश कोहार लेखापाल

४ ओमनारायण देवकोटा स्वा. प्रमुख

५ दुर्गाकान्त [illegible] कृषि

६ टकराम अवाली

७ रंगिला चौधरी कार्य

प्रस्ताव तथा निर्णयहरु

१. गत बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव उपर छलफल गर्दा यस सरावल गाऊपालिकाको मिति २०७९/०९/२४ को बैठकको निर्णय सम्बन्धमा बैठकमा छलफल एवं निर्णय कार्यान्वयनको विषयमा समिक्षा गरियो ।

२. योजना सम्झौता सम्बन्धमा ।

पञ्चनगर-महेशपुर सडकदेखि सरावल गा.पा. जोड्ने सडक कालोपत्रे सम्बन्धी ठेक्का नं. ०२/SRM/NCB/२०७९/८० कार्यान्यनका लागि छनौट भएको निर्माण व्यवसायीसँग सम्झौता गर्नका लागि कार्यपालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय गरियो ।

३. सहकारी संस्था छनौट सम्बन्धमा ।

संघीय सरकार हस्तान्तरित पोषण सुधारको लागि विपन्न समुदायका महिला समुह वा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधारका लागि अनुदान कार्यक्रम सञ्चालन गर्न वडा नं. २ स्थित महिला जागरण बहुउद्देश्यीय सहकारी संस्थालाई छनौट गर्ने निर्णय गरियो ।

४. सरावल गाऊपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

५. सरावल गाऊपालिकाको यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी कार्यविधि-२०७९ स्विकृत गर्ने निर्णय गरियो ।

६. नवजात शिशु कार्यक्रम प्रोत्साहन सम्बन्धमा ।

सरावल गाऊपालिकाको नवजात शिशु कार्यक्रम सम्बन्धमा छलफल गर्दा यस गाऊपालिकाभित्रका बर्थिङ सेन्टरमा वा बर्थिङ सेन्टरबाट रेफर गरि छोरी जन्माएका आमाहरुलाई प्रोत्साहन स्वरुप रु. २०००।०० अक्षरुपी दुई हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

७. आयोजनाको टेण्डर सम्बन्धमा ।

सँघीय सरकार हस्तान्तरित तराई-मधेस सम्बृद्धि कार्यक्रम अन्तरगत का तपशिलका कार्यक्रमहरुको टेण्डर गर्ने निर्णय गरियो ।

क. रामपुर- खडौना स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर निर्माण

ख. ललितपुरदेखि पुर्नाहा जोड्ने सडक ढलान/कालोपत्रे

८. सरावल गाऊपालिकास्तरीय सामुदायिक अस्पतालको जग्गा सम्बन्धमा ।

सरावल गाऊपालिकास्तरीय सामुदायिक अस्पतालको भवन निर्माण गर्ने प्रयोजनका लागि जग्गा खाली गराउने सम्बन्धमा यस अघि यस कार्यालयको मिति २०७९/०८/२० गते जारी भएको ३५ दिने सूचनाको अवज्ञा गरि सो क्षेत्रमा बसोबास गरिरहेका अव्यवस्थित बसोबासीहरुले हाल सम्म पनि सो जग्गा खालि नगरेकाले सो जग्गा खालि गराउन थप ७ (सात) दिनको सूचना जारी गर्ने निर्णय गरियो ।

पौडेल
प्रमुख प्र.

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष

Scanned with CamScanner